काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com

काँक्रेविहार राष्ट्रिय दैनिक
नियमित नआएमा
९८५-१३४४७५४
ग्राहक बन्नु परेमा

❐ वर्ष : २५ ❐ अंक : २९६ ❐ शुक्रवार, २२ साउन, २०८३ ❐ Friday, 7 Aug 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

मन्त्रालय भागबण्डामा रस्साकसी, मुख्यमन्त्री सुस्त, साझेदार दल रूष्ट

विगतको परम्परा र सहकार्यको सहमति अनुसार ७ सदस्यीय मन्त्रिपरिषद्मा
४ वटा मन्त्रालय पाउनुपर्ने एमालेको अडान

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २१ साउन

कर्णाली प्रदेशमा नयाँ सरकार गठन भएको एक साता बितिसक्दा पनि मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेको छैन । सत्ता साझेदार दलहरूबिच मन्त्रालयको भागबण्डामा सहमति जुट्न नसक्नुका साथै मुख्यमन्त्री र प्रमुख सत्ता साझेदार दल नेकपा एमालेबिच सार्थक संवाद हुन नसक्दा मुख्यमन्त्री मङ्गलबहादुर शाही नेतृत्वको सरकार अझै अपूर्ण बनेको हो ।

गएको साउन १२ गते कर्णाली प्रदेशको पाँचौँ मुख्यमन्त्रीका रूपमा नियुक्त भएका शाहीले भोलिपल्ट बुधबार एक्लै पद तथा गोपनीयताको शपथ ग्रहण गर्दै पदभार सम्हालेका थिए । एमालेको समर्थनमा मुख्यमन्त्री बनेका शाहीले सरकार गठनको एक साता बितिसक्दा पनि मन्त्रीमण्डल विस्तार गर्न नसकेपछि प्रदेश सरकारको कार्यसम्पादन नीतिगत निर्णय र राजनीतिक समन्वयमाथि प्रश्न उठ्न थालेको छ । सात सदस्यीय मन्त्रिपरिषद् रहने कर्णाली प्रदेशमा मन्त्रालयको संख्या र शक्ति बाँडफाँटको विषयलाई लिएर दुई मुख्य दलबिच रस्साकसी जारी छ । सत्ता साझेदार नेकपा एमालेले विगतको परम्परा, राजनीतिक शक्ति सन्तुलन र सहकार्यको पूर्वसहमतिलाई आधार देखाउँदै चार वटा मन्त्रालयमा आफ्नो दाबी पेस गरेको छ । तर सरकारको नेतृत्व गरिरहेको नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले भने मुख्यमन्त्रीबाहेक बाँकी ६ वटा मन्त्रालय दुवै दलबिच ३-३

बाँकी पृष्ठ २



एमालेको असन्तुष्टि

मन्त्रिपरिषद् विस्तारमा भएको ढिलाइलाई लिएर एमाले संसदीय दलले मुख्यमन्त्री शाहीको कार्यशैलीमाथि तीव्र असन्तुष्टि जनाएको छ । एमालेका अनुसार मुख्यमन्त्री स्वयम् मन्त्री छनोट र मन्त्रिपरिषद्लाई पूर्णता दिने कार्यमा पर्याप्त अग्रसर भएका छैनन् । शपथ ग्रहणपछि मुख्यमन्त्री शाहीले भागबण्डा र मन्त्री छनोटको संयोजन गर्ने जिम्मेवारी नेकपाका प्रदेश इन्चार्ज चन्द्रबहादुर शाहीलाई सुम्पेका छन् । तर यो कदम एमाले संसदीय दलका नेता यामलाल कँडेललाई मन परेको छैन । कँडेलले मुख्यमन्त्रीले आफ्नै विवेक र अग्रसरतामा सत्ता साझेदारसँग निर्णायक संवाद गर्नुपर्ने अपेक्षा राखेका छन् । नियुक्त भएयता मुख्यमन्त्री शाही र एमाले नेता तथा पूर्वमुख्यमन्त्री कँडेलबिच मन्त्रिपरिषद् विस्तारका विषयमा ठोस र निर्णायक संवाद हुन सकेको छैन । कँडेलनिकट स्रोतका अनुसार उनले मुख्यमन्त्री र नेकपाको आन्तरिक निर्णय क्षमतामाथि नै प्रश्न उठाएका छन् । त्यहाँ नेकपामा निर्णय गर्न सक्ने, निर्णय दिन सक्ने र निर्णय लागू गर्न सक्ने अवस्थाकै अभाव देखिन्छ, कँडेलको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, मुख्यमन्त्री स्वयम् खटिएको देखिएको छैन, मिडियामा चाँडै हुन्छ भनेको सुनिन्छ, तर भेटघाट र छलफल नै छैन । एमालेका प्रमुख सचेतक टेकराज पछाईले पनि केन्द्रको निर्णयअनुसार समर्थन गरेर मुख्यमन्त्री बनाए पनि मन्त्रिपरिषद्लाई पूर्णता दिने र साझेदार दलसँग समन्वय गर्ने दायित्वबाट मुख्यमन्त्री पछाडि हटेको आरोप लगाएका छन् । केन्द्रको निर्णय मान्दै हामीले समर्थन गर्यौं, तर मन्त्रिपरिषद् विस्तार गर्ने साझेदारसँग परामर्श गर्ने काम मुख्यमन्त्रीकै हो, पछाईले भने, उहाँबाट त्यो अभिभावकत्व र अग्रसरता देखिएको छैन । सत्ता हस्तान्तरणपछि एमाले नेता कँडेल वीरेन्द्रनगर-४ स्थित आफ्नो निजी निवास फर्किएका छन् । आन्दोलनका क्रममा भौतिक क्षति पुगेको आफ्नो घरको मर्मतसम्भार र रेखदेखमा उनी व्यस्त रहँदा यता सरकार विस्तारको कुराकानी भने ओझेलमा परेको छ ।

केन्द्रबाटै प्याकेजमा आउँने दाबी

उता मुख्यमन्त्री मङ्गलबहादुर शाहीले भने मन्त्रिपरिषद्ले छिट्टै पूर्णता पाउने दाबी गर्दै आएका छन् । सत्ता साझेदार दलबिच सहकार्यको गृहकार्यदेखि सबै हिसाबले केही विलम्ब भएको जस्तो देखिएको हो, मुख्यमन्त्री शाहीले भने, यसका लागि सत्ता साझेदार दलहरूसँग निरन्तर छलफल भइरहेको छ । उनका अनुसार प्रदेश सरकारको 'पावर सेयरिङ' शक्ति बाँडफाँट सम्बन्धी विषयमा प्रदेशस्तरमा मात्र नभई केन्द्रमा समेत शीर्ष नेताहरूबिच परामर्श भइरहेको छ । नेकपाका कर्णाली प्रदेश इन्चार्ज चन्द्रबहादुर शाहीले पनि नियमित भेटघाट भइरहेको दाबी गर्दै मन्त्रालय भागबण्डा र मन्त्रिपरिषद् विस्तारको अन्तिम टुङ्गो केन्द्रबाटै प्याकेजमा लाग्ने बताएका छन् । उनले प्रदेश तहको विवाद मिलाउन केन्द्रको हस्तक्षेप आवश्यक रहेको सङ्केत गरे पनि यसले प्रदेशको स्वायत्तता र निर्णय क्षमतामाथि भने पुनः प्रश्न उठाएको छ ।

प्रदेश सभामा आलोचना

सरकार गठन भएको एक सातासम्म पनि मन्त्रिपरिषद्ले पूर्णता नपाउँदा प्रदेश सरकारका दैनिक कार्यसम्पादन नीतिगत निर्णय र कामहरू पूर्ण रूपमा प्रभावित भएका छन् । मन्त्री नहुँदा विभिन्न मन्त्रालयका विकास बजेट कार्यान्वयन, योजना स्वीकृति र चालू आर्थिक वर्षका प्राथमिकता निर्धारण गर्ने काम ठप्पप्रायः बनेका छन् । बिहीबार बसेको कर्णाली प्रदेश सभाको बैठकमा प्रतिपक्षी सांसदहरूले सरकारको यस्तो सुस्तता र गैरजिम्मेवारपनप्रति कडा आपत्ति जनाएका छन् । यतिका दिनसम्म मन्त्रिपरिषद् विस्तार गर्न नसकेर सरकारलाई नै 'अनिर्णयको बन्दी' बनाउनु जनताको जनादेशमाथिको खिलबाड भएको भन्दै विपक्षी दलका सांसदहरूले तत्काल मन्त्रिपरिषद्लाई पूर्णता दिएर बाढी,पहिरो, महँगी र जनताका प्रत्यक्ष समस्या समाधानतर्फ ध्यान दिन सरकारको गम्भीर ध्यानाकर्षण गराएका छन् ।

समसामयीक विषयमा मुख्यमन्त्रीको प्रजिअसँग भर्चुअल बैठक

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २१ साउन

कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले प्रदेशका १० वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी (सीडीओ) हरूसँग मनसुनजन्य विपद्को पूर्वतयारी, शान्ति सुरक्षा तथा सार्वजनिक सेवा प्रवाहको अवस्थाबारे भर्चुअल बैठक गरेका छन् बैठकमा मनसुनका कारण उत्पन्न हुन सक्ने सम्भावित जोखिमको आकलन, विपद् व्यवस्थापनको तयारी, राहत तथा उद्धारको अवस्था, सुरक्षा व्यवस्थापन र नागरिकलाई उपलब्ध गराइँदै आएको सार्वजनिक सेवाबारे विस्तृत समीक्षा गरिएको थियो । बैठकमा १० जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले आफ्नो जिल्लाको पछिल्लो



अवस्थाबारे जानकारी गराउँदै बाढी, पहिरो, डुबान तथा सडक अवरोधजस्ता मनसुनजन्य जोखिमको मूल्याङ्कन प्रस्तुत गरेका थिए । उनीहरूले जोखिमयुक्त बस्तीहरूको पहिचान, पूर्वसूचना प्रणालीको प्रयोग, स्थानीय तहसँगको समन्वय, सुरक्षा निकायको परिचालन, राहत सामग्रीको भण्डारण, खोज तथा उद्धार टोलीको तयारी, स्वास्थ्य सेवाको व्यवस्थापन र आवश्यक उपकरणको उपलब्धताबारे जानकारी गराएका थिए ।

प्रमुख जिल्ला अधिकारीहरूले अधिकांश जिल्लामा शान्ति सुरक्षा अवस्था सामान्य रहेको, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, स्थानीय तह तथा अन्य सरोकारवाला निकायबीच समन्वयात्मक रूपमा विपद् पूर्वतयारीका कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिएका थिए । साथै नागरिकलाई प्रशासनिक सेवा, नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र, विपद् व्यवस्थापन तथा अन्य सरकारी सेवा नियमित रूपमा प्रवाह भइरहेको पनि बैठकमा जानकारी गराइएको थियो ।

मुख्यमन्त्री शाहीले मनसुनजन्य विपद्का कारण हुन सक्ने मानवीय तथा भौतिक क्षतिलाई न्यूनतम बनाउन सबै जिल्ला प्रशासन कार्यालयलाई उच्च सतर्कताका साथ तयारी अवस्थामा रहन निर्देशन दिए । उनले कुनै पनि घटना हुनुअघि नै जोखिम न्यूनीकरणका उपाय प्रभावकारी रूपमा लागू गर्न, सम्भावित जोखिमयुक्त क्षेत्रको नियमित अनुगमन गर्न तथा आवश्यक परे तत्काल सम्बन्धित निकायलाई परिचालन गर्न आग्रह गरे । उनले विपद् प्रभावित क्षेत्रमा खोज,

बाँकी पृष्ठ २

अब यी पाँच न्यायाधीशबाहेकले गर्नेछन् कांग्रेस विवादमा नयाँ फैसला

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २१ साउन

फुटको डिलमा पुगिसकेको नेपाली कांग्रेस फेरि आधिकारिकताको पुरानै विवादमा फर्किएको छ । सर्वोच्च अदालतका प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मासहित न्यायाधीशद्वय नित्यानन्द पाण्डेय र श्रीकान्त पौडेलको पूर्ण इजलासले बिहीबार यसअघिको फैसला पुनरावलोकनका लागि अनुमति दिने निर्णय गरेसँगै आधिकारिकताको विवाद ब्युतिएको हो ।

यो निर्णयसँगै अब कांग्रेसको आधिकारिकता पूर्वसभापति शेरबहादुर देउवा र पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्कासँग कि



गगन थापा र विश्वप्रकाश शर्मासँग भन्ने पुनर्विचार हुनेछ । यसअघि वैशाख ४ गते न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको इजलासले कांग्रेसको आधिकारिकता दाबी गर्दै देउवा र खड्काले दिएको निवेदन खारेज गरेको थियो ।

विशेष महाधिवेशनबाट आएको थापा नेतृत्वको कार्यसमितिलाई आधिकारिकता दिने निर्वाचन आयोगको निर्णय इजलासले सदर गरेको थियो । तर बिहीबार निसा दिने निर्णय भएसँगै अब यो मुद्दाको सुनुवाइ पुनः सुरुदेखि नै अगाडि बढ्ने भएको छ ।

तर अबको सुनुवाइ सर्वोच्च अदालतका पाँच न्यायाधीशबाहेकको पूर्ण इजलासबाट मात्रै हुनेछ । सुरुमा फैसला गर्ने न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौला अबको सुनुवाइमा हुने छैनन् ।

यस्तै, बिहीबार निसा दिने प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मा, न्यायाधीशद्वय नित्यानन्द पाण्डेय र श्रीकान्त पौडेल अब सुनुवाइ हुने इजलासमा बस्ने छैनन् । उनीहरूबाहेकको इजलासबाट मात्रै सुनुवाइ हुने सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाले बताए ।

अब सर्वोच्च अदालतले यो निवेदन दर्ता गरेर नयाँ नम्बर तय गर्दै पेसी तोक्नेछ । पूर्ण इजलास हरेक बिहीबार मात्रै बस्ने गरेको छ । मुद्दाको चाप हेरेर पेसी तोकिने भएकाले कहिले पेसी हुन्छ भन्ने तय हुन बाँकी रहेको पनि प्रवक्ता

बाँकी पृष्ठ २

सम्पादकीय

भौतिक साधनस्रोत बढाउ

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय सुर्खेतको पछिल्लो प्रतिवेदन अनुसार कर्णाली प्रदेशमा सडक र सवारीको अनुपातमा ट्राफिक प्रहरीको जनशक्ति चरम अभावमा छ । प्रदेशभर निर्माण भएका नौ हजार छ सय ८७ किलोमिटरभन्दा बढी सडक र ४० हजार नौ सयभन्दा बढी सवारी साधनको निगरानी गर्न जम्मा २ सय १५ जना ट्राफिक प्रहरीको दरबन्दी रहनु आफैंमा एउटा गम्भीर र चिन्ताजनक विरोधाभास हो । तथ्यांक अनुसार कर्णालीमा एक जना ट्राफिक प्रहरीको भागमा औसत ४५ किलोमिटर सडक, १ सय ९० वटा सवारी साधन र झन्डै आठ हजार नागरिकको सुरक्षा भार पर्छ । दैनिक औसतमा एक सय एक वटा नयाँ सवारी साधन दर्ता भइरहेको अवस्थामा यति सीमित जनशक्तिले प्रदेशको विशाल र भौगोलिक रूपमा जटिल भूगोलमा सडक अनुशासन कायम गराउनु असम्भवप्रायः देखिन्छ ।

जनशक्तिको यो चरम अभाव र कमजोर सडक पूर्वाधारकै कारण गत आर्थिक वर्ष २०८२/०८३ मा सडक दुर्घटना २३ प्रतिशतले बढेर १ हजार १ सय ९४ पुगेको छ, जसमा १ सय ३५ जनाले अकालमा ज्यान गुमाएका छन् भने दुई हजार तीन सयभन्दा बढी घाइते भएका छन् । दैनिक औसत ३ भन्दा बढी दुर्घटना हुनुले कर्णालीका सडकहरू कुन हदसम्म ज्यानमारा बन्दै गएका छन् भन्ने स्पष्ट पार्छ । दुर्घटनाका कारणहरूको विश्लेषण गर्दा कुल दुर्घटनाको ६२ प्रतिशत हिस्सा 'तीव्र गति' ले ओगटेको छ । यसबाहेक ग्रामीण भेगका साँघुरा, जीर्ण र जोखिमयुक्त कच्ची सडक, यान्त्रिक गडबडी, ओभरटेक र सडक सुरक्षा पूर्वाधारको कमी दुर्घटनाका मुख्य कारक बनेका छन् । चलान डिजिटल प्रणाली र सचेतनाका कारण कारबाही र राजस्व संकलनमा केही कमी आए पनि सडकमा नागरिकको जिउधनको सुरक्षाको ग्यारेन्टी अझै हुन सकेको छैन । सुर्खेत जस्ता सहरी र मुख्य राजमार्ग भएका क्षेत्रमा चापका कारण उच्च दुर्घटना हुनु र दुर्गम जिल्लाहरूमा सडक सुधार नहुनुले समग्र प्रदेशकै सडक सुरक्षा प्रणालीमाथि प्रश्न उठाएको छ ।

सडक सुरक्षा केवल ट्राफिक प्रहरीको मात्र दायित्व होइन, यो नागरिकको अधिकार र राज्यको प्राथमिक कर्तव्य पनि हो । त्यसैले कर्णाली प्रदेश सरकार सङ्घीय गृह मन्त्रालय र सडक विभागले यस विषयलाई गम्भीरताका साथ लिनु आवश्यक छ । पहिलो कदमका रूपमा कर्णालीको भौगोलिक विकटतालाई ध्यानमा राख्दै ट्राफिक प्रहरीको दरबन्दी र भौतिक साधनस्रोत तुरून्त बढाउनुपर्छ । दोस्रो कुल सडक सञ्जालको ठुलो हिस्सा करिब ७४ प्रतिशत कच्ची रहेको कर्णालीमा सडकको स्तरोन्नति मोडहरू सुधार र गार्डरेल/मेसिनरी अवरोध जस्ता सुरक्षा पूर्वाधार निर्माणमा बजेट केन्द्रित गरिनुपर्छ । साथै तीव्र गति नियन्त्रणका लागि प्रविधिको प्रयोग र चालकहरूमा कडा अनुशासन कायम गराउनेतर्फ ठोस कदम नचाल्ने हो भने कर्णालीका सडकमा नागरिकले ज्यान गुमाउने शृत्ला रोक्न सकिने छैन ।

अब...

कोइरालाले बताए ।

उनका अनुसार, अबको इजलासले यसअघिको फैसला बदर नै गर्छ भन्ने निश्चित भने होइन । दुवै पक्षलाई राखेर मुद्दाको सुरुदेखि नै सुनुवाइ अगाडि बढ्छ र उक्त इजलासले जे लाग्छ त्यही निर्णय दिन्छ । सर्वोच्चले पुनः थापा पक्षलाई कांग्रेसको आधिकारिकता दिन सक्छ भने पुरानो फैसला उल्ट्याउन पनि सक्छ ।

पूर्वसभापति देउवा र पूर्वकार्यवाहक सभापति खड्काले यसअघिको फैसला त्रुटिपूर्ण रहेको दाबी गरेका छन् ।

यस्तो दाबीसहित फैसला पुनरावलोकनका लागि साउन ६ गते देउवा र साउन १२ गते खड्काले एउटै वारेसमार्फत निवेदन दिएका थिए । खड्काले आफ्नो निवेदनमा यसअघिको फैसला किन त्रुटिपूर्ण रहेको जिकिर गर्न १८ बुँदामा आफ्नो दाबी राखेका छन् ।

सर्वोच्चको फैसला अन्तर्राष्ट्रिय अभ्यास, यसअघिका फैसला विपरीत भएको उनको जिकिर छ । विशेष महाधिवेशन नै अवैधानिक ढंगबाट भएकाले त्यसबाट आएको नेतृत्व कांग्रेसको आधिकारिक हुन नसक्ने निवेदनमा जिकिर गरिएको छ ।

विशेष महाधिवेशन बोलाउने अधिकार केन्द्रीय समितिलाई मात्रै भएको र महामन्त्री वा महाधिवेशन प्रतिनिधिलाई नरहेको निवेदनमा उल्लेख गरिएको छ । तत्कालीन महामन्त्री थापाले क्रियाशील सदस्यता छानबिनको जिम्मेवारी पूरा नगरेकै कारण नियमित महाधिवेशन हुन नसकेको आरोप पनि खड्काले लगाएका छन् । खड्काको निवेदनमा २०५९ सालमा गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवाबीचको विवादको पनि उदाहरण दिइएको छ । त्यतिबेला देउवाले विशेष महाधिवेशन गरेर पार्टीको सभापति आफूलाई घोषणा गर्दै निर्वाचन आयोगमा आधिकारिकता दाबी गरेका थिए । तर निर्वाचन आयोगले कोइरालालाई नै आधिकारिकता दिएको थियो । त्यसपछि देउवाले पार्टी फुटाएका थिए । तर थापासँगको विवादमा आयोगले आफ्नै पूर्व निर्णयको समेत परिपालन नगरेको जिकिर उनीहरूको छ ।

उत्तरदायी र जवाफदेही शासकीय प्रक्रिया: एक वहस



✍ उपेन्द्र विश्वकर्मा

उत्तरदायी र जवाफदेही शासकीय प्रक्रिया सुशासनको सबैभन्दा महत्त्वपूर्ण आधार हो । सरल भाषामा भन्नुपर्दा, उत्तरदायित्व (च्भकउयलकष्खभलभकक) भनेको सरकारले नागरिकका आवश्यकता, गुनासा र अपेक्षालाई समयमै सुन्नु, बुझ्नु र त्यसअनुसार प्रभावकारी सेवा दिनु हो । त्यसैगरी, जवाफदेहिता (ब्अअयगलतबदष्तथ) भन्नाले सार्वजनिक पदमा रहेका व्यक्ति वा संस्थाले गरेका निर्णय, नीति, खर्च र कामका बारेमा नागरिक तथा सम्बन्धित कानुनी निकायसमक्ष स्पष्ट जवाफ दिनु र आवश्यक परे त्यसको जिम्मेवारी पनि लिनु हो । यी दुई पक्ष छुट्टाछुट्टै जस्ता देखिए पनि वास्तवमा एकअर्कासँग गहिरो रूपमा जोडिएका छन् । लोकतान्त्रिक शासन प्रभावकारी हुन दुवै कुरा सँगसँगै बलियो हुनुपर्छ ।

जब सरकार उत्तरदायी र जवाफदेही बन्छ, त्यसको सकारात्मक प्रभाव धेरै क्षेत्रमा देखिन्छ । सार्वजनिक स्रोत-साधनको दुरुपयोग कम हुन्छ, भ्रष्टाचार नियन्त्रण गर्न सजिलो हुन्छ र नीति तथा कार्यक्रम पनि प्रभावकारी रूपमा कार्यान्वयन हुन थाल्छन् । यसले सरकारी सेवाको गुणस्तर सुधार्छ र नागरिकमा राज्यप्रतिको विश्वास पनि विस्तारै बढ्दै जान्छ । आखिर सरकारप्रति विश्वास बढ्नु भनेको लोकतन्त्र बलियो बन्नुको एउटा महत्त्वपूर्ण संकेत हो ।

नेपालको संविधानले पनि पारदर्शिता, विधिको शासन, नागरिक सहभागिता, सूचना प्राप्तिको अधिकार र सार्वजनिक निकायको उत्तरदायित्वलाई विशेष महत्व दिएको छ । यही संवैधानिक व्यवस्थाका आधारमा संसद, न्यायपालिका, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, राष्ट्रिय सतर्कता संयन्त्र, सञ्चारमाध्यम र नागरिक समाजले सरकारको कामको निगरानी गर्ने भूमिका खेलिरहेका छन् । त्यस्तै, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक लेखापरीक्षण, गुनासो व्यवस्थापन प्रणाली तथा सूचना प्रविधिमार्फत सेवा प्रवाहजस्ता अभ्यासले पनि सरकारी निकायलाई अझ जिम्मेवार र जवाफदेही बनाउन सहयोग पुऱ्याएका छन् ।

तर व्यवहारमा हेर्दा अवस्था अझै पूर्ण रूपमा सन्तोषजनक छैन । राजनीतिक हस्तक्षेप, भ्रष्टाचार, ढिलासुस्ती, कमजोर अनुगमन, दण्डहीनताको प्रवृत्ति र प्रशासनिक क्षमताको कमीले उत्तरदायी र जवाफदेही शासन प्रणालीलाई कमजोर बनाइरहेको छ । त्यसैले अब सार्वजनिक संस्थालाई अझ पारदर्शी, निष्पक्ष र सेवामुखी बनाउनेतर्फ विशेष ध्यान दिन आवश्यक छ । साथै, कानुनको प्रभावकारी कार्यान्वयन, स्वतन्त्र निगरानी निकायको सुदृढीकरण, नागरिक सहभागिताको विस्तार र नैतिक नेतृत्वको विकासलाई पनि समान रूपमा प्राथमिकता दिनुपर्छ । अन्ततः सरकार नागरिकप्रति उत्तरदायी र आफ्ना कामप्रति जवाफदेही हुन सके मात्रै सुशासन, लोकतन्त्र, दिगो विकास र समृद्ध समाज निर्माणको लक्ष्य व्यवहारमा सफलतापूर्वक हासिल गर्न सकिन्छ ।

नागरिक सहभागिता, सुशासन र सार्वजनिक उत्तरदायित्व संग सम्बन्धित प्राथमिकता

कर्णाली प्रदेशमा नागरिक सहभागिता, सुशासन र सार्वजनिक उत्तरदायित्वसँग सम्बन्धित प्राथमिकताहरू मूलतः जनमुखी, पारदर्शी र समावेशी शासन व्यवस्था निर्माण गर्ने लक्ष्यमा केन्द्रित छन् । कर्णालीको भौगोलिक विकटता, सीमित पूर्वाधार, गरिबी र सेवा प्रवाहका चुनौतीलाई हेर्दा विकासका योजना सरकारको मात्र विषय होइन, नागरिकको पनि साझा जिम्मेवारी बन्नुपर्छ । त्यसैले योजना बनाउनेदेखि बजेट तर्जुमा, कार्यान्वयन र अनुगमनसम्मका सबै चरणमा स्थानीय समुदाय, नागरिक समाज, महिला, दलित, जनजाति, युवा तथा अन्य सीमान्तकृत वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु आजको प्रमुख आवश्यकता हो । आखिर नागरिक आफैं सहभागी भए मात्रै विकासका कार्यक्रम स्थानीय आवश्यकता र वास्तविकतासँग मेल खान सक्छन् ।

त्यसैगरी, सुशासनलाई व्यवहारमा उतार्न सार्वजनिक सेवा पारदर्शी, छिटोछरितो र नागरिकमैत्री हुन आवश्यक छ । सूचना प्राप्तिको अधिकारको प्रभावकारी कार्यान्वयन, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक लेखापरीक्षण तथा डिजिटल प्रविधिमार्फत सेवा प्रवाहलाई विस्तार गर्दै सरकारी निकायलाई अझ उत्तरदायी बनाउनु जरुरी छ । यसका साथै भ्रष्टाचार नियन्त्रण, सार्वजनिक स्रोत-साधनको मितव्ययी र प्रभावकारी उपयोग, कानुनको निष्पक्ष कार्यान्वयन तथा स्वतन्त्र अनुगमन प्रणालीलाई बलियो बनाउनु पनि उत्तिकै महत्त्वपूर्ण छ । प्रदेश र स्थानीय तहबीच राम्रो समन्वय, कर्मचारीको क्षमता अभिवृद्धि, प्रभावकारी गुनासो व्यवस्थापन र नैतिक नेतृत्वको विकासमा पनि विशेष जोड दिनुपर्छ ।

यी प्राथमिकताहरूलाई व्यवहारमा प्रभावकारी रूपमा लागू गर्न सकियो भने कर्णालीमा सरकारी सेवाप्रतिको विश्वास बढ्नेछ, सार्वजनिक उत्तरदायित्व अझ बलियो बन्नेछ र सुशासन संस्थागत रूपमा स्थापित हुनेछ । अन्ततः नागरिक र सरकारबीचको विश्वास सुदृढ हुँदै समावेशी, दिगो र न्यायपूर्ण विकासको आधार अझ मजबुत बन्ने अपेक्षा गर्न सकिन्छ ।

चुनौतिहरु

कर्णाली प्रदेशमा नागरिक सहभागिता, सुशासन र सार्वजनिक उत्तरदायित्वलाई प्रभावकारी बनाउने प्रयास भइरहेका भए पनि व्यवहारमा अझै धेरै चुनौतीहरू छन् । सबैभन्दा ठूलो समस्या भनेकै कर्णालीको भौगोलिक विकटता र कमजोर पूर्वाधार हो । धेरै गाउँबस्ती अझै सडक, सञ्चार र आधारभूत सेवाबाट टाढा छन् । त्यसैले दुर्गम क्षेत्रमा बस्ने नागरिकले सरकारी सेवा सहज रूपमा पाउन सक्दैनन्, न त विकास योजना वा निर्णय प्रक्रियामा प्रभावकारी रूपमा सहभागी हुन नै सक्छन् । गरिबी, अशिक्षा र नागरिक चेतनाको कमीले पनि सहभागितालाई सीमित बनाएको छ । धेरै नागरिकलाई आफ्ना अधिकार, कर्तव्य र सहभागिताका अवसरबारे पर्याप्त जानकारी नहुँदा उनीहरूको भूमिका अपेक्षाअनुसार देखिन सकेको छैन ।

अर्कोतर्फ, प्रदेश र स्थानीय तहमा दक्ष जनशक्तिको अभाव, कर्मचारीको बारम्बार सरुवा, सीमित प्रशासनिक क्षमता र स्रोत-साधनको कमीले सेवा प्रवाहलाई अझ चुनौतीपूर्ण बनाएको छ । राजनीतिक हस्तक्षेप, ढिलासुस्ती, भ्रष्टाचार र अनियमितताका कारण सुशासनको अभ्यास अपेक्षाअनुसार बलियो हुन सकेको छैन । अनुगमन प्रणाली पनि धेरै ठाउँमा प्रभावकारी छैन । सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र सार्वजनिक लेखापरीक्षणजस्ता व्यवस्था कानुनमा भए पनि व्यवहारमा ती नियमित र प्रभावकारी रूपमा सञ्चालन हुन सकेका छैनन् । यसले नागरिक र सरकारी निकायबीचको विश्वासमा पनि असर पारेको छ ।

त्यसैगरी, सूचना प्रविधिको सीमित पहुँच, कमजोर इन्टरनेट सेवा र डिजिटल साक्षरताको कमीले डिजिटल सुशासन विस्तार गर्न सहज भएको छैन । नागरिकका गुनासो समयमै सम्बोधन नहुनु, प्रदेश र स्थानीय तहबीच आवश्यक समन्वयको अभाव रहनु तथा महिला, दलित, जनजाति र अन्य सीमान्तकृत समुदायको निर्णय प्रक्रियामा अपेक्षित सहभागिता नहुनुले पनि सार्वजनिक उत्तरदायित्वलाई कमजोर बनाएको छ । यी चुनौतीहरूलाई समयमै सम्बोधन गर्न सकिएन भने कर्णालीमा सुशासनलाई संस्थागत गर्न, नागरिकको राज्यप्रतिको विश्वास बढाउन र समावेशी तथा दिगो विकासको लक्ष्य हासिल गर्न अझै कठिन हुने देखिन्छ ।

सहकार्यका क्षेत्र

कर्णाली प्रदेशमा नागरिक सहभागिता, सुशासन र सार्वजनिक उत्तरदायित्व दिगो विकासका सबैभन्दा महत्त्वपूर्ण आधार हुन् । तर यी विषय नीति र कानुनमा मात्रै सीमित भएर पुग्दैनन्, व्यवहारमा पनि प्रभावकारी रूपमा लागू हुनुपर्छ । कर्णालीको भौगोलिक विकटता, गरिबी, सीमित पूर्वाधार र आधारभूत सेवामा सहज पहुँच नहुँदा नागरिकको सक्रिय सहभागिता झन् आवश्यक बनेको छ । त्यसैले स्थानीय तहदेखि प्रदेश सरकारसम्म नीति निर्माण, योजना तर्जुमा, बजेट विनियोजन र विकास आयोजनाका प्रत्येक चरणमा नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु आजको प्रमुख प्राथमिकता हो । साथै, सार्वजनिक सेवा पारदर्शी, छिटोछरितो, गुणस्तरीय र प्रविधिमैत्री बनाउँदै सार्वजनिक पदमा रहेका व्यक्तिलाई कानुनी र नैतिक रूपमा जवाफदेही बनाउनु पनि उत्तिकै आवश्यक छ ।

यद्यपि व्यवहारमा भने धेरै चुनौतीहरू देखिन्छन् । राजनीतिक हस्तक्षेप, सीमित प्रशासनिक क्षमता, भ्रष्टाचार, कमजोर अनुगमन प्रणाली, सूचनामा सहज पहुँचको अभाव र नागरिक चेतनाको कमीले सुशासनको अभ्यासलाई अपेक्षाअनुसार प्रभावकारी बनाउन सकेको छैन । सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र अन्य उत्तरदायित्वका संयन्त्र कानुनी रूपमा भए पनि धेरै ठाउँमा ती नियमित र प्रभावकारी रूपमा सञ्चालन हुन सकेका छैनन् । यसले नागरिक र सरकारबीचको विश्वासमा पनि असर पारिरहेको छ ।

यस्ता चुनौतीहरूको समाधानका लागि प्रदेश सरकार मात्रै सक्रिय भएर पुग्दैन । स्थानीय तह, नागरिक समाज, सामुदायिक संस्था, सञ्चारमाध्यम, निजी क्षेत्र, शैक्षिक संस्था र विकास साझेदारबीच बलियो सहकार्य आवश्यक छ । नागरिक शिक्षा विस्तार गर्ने, डिजिटल सुशासनलाई प्रवर्द्धन गर्ने, खुला सूचना प्रणालीलाई प्रभावकारी बनाउने, गुनासो व्यवस्थापनलाई चुस्त बनाउने तथा सामाजिक लेखापरीक्षण, सार्वजनिक सुनुवाइ र नियमित अनुगमनलाई संस्थागत गर्न सकियो भने सार्वजनिक उत्तरदायित्व उल्लेखनीय रूपमा सुदृढ हुन्छ ।

अन्ततः सरकार र नागरिकबीच विश्वास, पारदर्शिता र सहकार्यको संस्कृति विकास हुन सके कर्णाली प्रदेशमा सुशासन अझ मजबुत बन्नेछ र समावेशी, उत्तरदायी तथा दिगो विकासको लक्ष्य हासिल गर्न ठोस आधार तयार हुनेछ ।

(अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति विभागमा कार्यरत लेखक मध्यपश्चिम विश्वविद्यालय स्कुल अफ ल का पूर्व निर्देशक हुन् ।)

समसामयीक...

उद्धार, राहत वितरण तथा पुनःस्थापनाका कार्यमा कुनै ढिलाइ हुन नदिन निर्देशन दिँदै नागरिकको जिउधनको सुरक्षा सरकारको पहिलो प्राथमिकता भएको स्पष्ट पारे ।

विपद्को समयमा संघ, प्रदेश, स्थानीय तह तथा सुरक्षा निकायबीचको समन्वयलाई अझ प्रभावकारी बनाउनुपर्नेमा उनले जोड दिए । मुख्यमन्त्री शाहीले विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने राहत सामग्री, उद्धार उपकरण तथा राहत रकम प्रदेश सरकारले आवश्यकताअनुसार उपलब्ध गराउने जानकारी दिँदै जिल्लाबाट आवश्यक माग र विवरण समयमै पठाउन प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिए । उनले विपद्का बेला सूचना प्रवाहलाई विश्वसनीय, छिटो र प्रभावकारी बनाउन सञ्चार संयन्त्रलाई समेत सक्रिय बनाउनुपर्ने उल्लेख गरे ।

बैठकमा मनसुनजन्य विपद्को सामना गर्न पूर्वतयारीलाई अझ सुदृढ बनाउने, प्रभावित नागरिकलाई तत्काल राहत उपलब्ध गराउने, क्षतिको शीघ्र मूल्याङ्कन गर्ने तथा पुनःस्थापनाका कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने विषयमा समेत छलफल भएको थियो। प्रदेश सरकारले मनसुन अवधिभर जिल्लाको अवस्थालाई निरन्तर निगरानीमा राख्दै आवश्यक सहयोग, स्रोत-साधन र समन्वय उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ ।

मन्त्रालय...

वटाका दरले बराबर बाँडफाँट हुनुपर्ने अडान राख्दै आएको छ । कर्णाली प्रदेशसभामा नेकपाका १४ र एमालेका १० प्रदेश सांसद रहेका छन् । राजनीतिक प्रतिनिधित्व र संख्यात्मक हैसियतका आधारमा पनि मन्त्रालयको बाँडफाँट न्यायोचित हुनुपर्ने तर्क नेकपाले अघि सारेको छ । यही रणनीतिक अडान र अडानबाट पछि नहट्ने दुवै पक्षको रवैयाका कारण सरकार गठन प्रक्रिया थप जटिल र पेचिलो बनेको छ ।

सबिनाको अभियान, बालविवाह अन्त्यतर्फ



❐ **काँक्रेविहार संवाददाता**
डोल्पा, २१ साउन

हिमाली जिल्ला डोल्पाको जगदुल्ला गाउँपालिकामा बालविवाह न्यूनीकरण अभियानले उल्लेखनीय सफलता हासिल गरेको छ।

केही वर्ष अघिसम्म गरिबी, अशिक्षा, दुर्गम भूगोल र परम्परागत सामाजिक सोचका कारण बालविवाह सामान्य अभ्यासजस्तै रहेको यस क्षेत्रमा अहिले यसको संख्या शून्यमा झरेको छ।

यो परिवर्तनको नेतृत्व गाउँपालिकाको बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख तथा सामाजिक अभियन्ता सबिना बोहोराले गरिरहेकी छन्।

२०७७ सालदेखि जिम्मेवारी सम्हालेपछि उनले बालविवाहलाई कानुनी विषयभन्दा पनि सामाजिक समस्याका रूपमा लिएर समुदायसँग प्रत्यक्ष संवाद, जनचेतना र सहकार्यलाई प्राथमिकता दिइन्। उनको पहलमा गाउँपालिका, विद्यालय, महिला समूह, बाल क्लब, किशोर-किशोरी समूह र युवा क्लबलाई अभियानमा जोडियो।

विद्यालयस्तरीय सचेतना, अभिभावकसँग अन्तरक्रिया, महिला हिंसा, बालश्रम, लागूऔषध दुर्व्यसन तथा बाल अधिकारसम्बन्धी कार्यक्रम नियमित सञ्चालन गरिएपछि समुदायको सोचमा परिवर्तन आउन थालेको छ।

अहिले धेरै अभिभावकले छोरीको विवाहभन्दा शिक्षा र भविष्यलाई प्राथमिकता दिन थालेका छन्। गाउँपालिकाको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७५/७६ मा ४३ वटा बालविवाहका घटना भएका थिए। त्यसपछि क्रमशः संख्या घट्दै आर्थिक वर्ष २०७६/७७ मा ३६, २०७७/७८ मा ३४, २०७८/७९ मा १४, २०७९/८० मा ९, २०८०/८१ मा ६, २०८१/८२ मा तिन र आर्थिक वर्ष २०८२/८३ मा बालविवाहको घटना शून्यमा पुगेको छ।

अभियानलाई थप प्रभावकारी बनाउन वडा नम्बर चार छाँचु र चौरीकोटलाई बालविवाहमुक्त वडा घोषणा गर्ने तयारी गरिएको छ। साथै सम्पूर्ण गाउँपालिकालाई बालविवाहमुक्त पालिका घोषणा गर्ने लक्ष्यसहित आर्थिक वर्ष २०८३/८४ मा बालविवाह, बालश्रम तथा बालहिंसा न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्न १० लाख रुपैयाँ बजेट विनियोजन गरिएको गाउँपालिकाले जनाएको छ।

सबिना बोहोराको नेतृत्वमा सञ्चालन भएको अभियानले दुर्गम क्षेत्रमा पनि स्थानीय सरकार, समुदाय र सरोकारवालाबीचको सहकार्यबाट सामाजिक परिवर्तन सम्भव हुने स्पष्ट सन्देश दिएको छ।

अब स्याउ सहकारीमार्फत बजारीकरण हुने



❐ **काँक्रेविहार संवाददाता**
जुम्ला, २१ साउन

परिपक्व हुनु अघि नै स्याउ बिक्री गर्नुपर्ने, किसानले उत्पादनको उचित मूल्य नपाउने तथा बिचौलियाको प्रभाव बढ्ने समस्या समाधान गर्न जुम्लामा सहकारीमार्फत स्याउको व्यवस्थित बजारीकरण सुरु गरिएको छ।

चन्दननाथ बहुउद्देश्यीय सहकारी संस्थाले यस वर्षदेखि किसानको बगैंचामै पुगेर स्याउ संकलन गरी देशका विभिन्न बजारमा बिक्री-वितरण गर्ने तयारी गरेको हो।

संस्थाले स्थानीय तथा फुजी जातका स्याउ किसानबाट खरिद गरी आफ्नै ब्रान्डमा बजारमा ल्याउने योजना बनाएको छ। यसअघि सहकारीले मार्सी चामल, फापर, सिमी, भटमास, चिनो, कागुनो, चामल तथा पिठोलगायत कर्णालीका रैथाने कृषि उत्पादन काठमाडौं, नेपालगञ्ज, सुर्खेत र जुम्लाको मिनिमार्केटमार्फत बिक्री गर्दै आएको थियो। अब त्यही नेटवर्कमार्फत जुम्लाको स्याउ पनि उपभोक्तासम्म पुऱ्याइनेछ।

सहकारीकी अध्यक्ष विष्णुमाया बुढाका अनुसार किसानको स्याउ काँचै बिक्री हुने अवस्थाको अन्त्य गर्न सहकारीले प्रत्यक्ष बजारीकरणको जिम्मेवारी लिएको हो। यसका लागि गाउँपालिका, किसान र सहकारीको पहिचान झल्किने ३० हजार कार्टुन तयार गरिएको छ।

प्रत्येक कार्टुनमा १० किलोग्राम स्याउ प्याक गरी यस वर्ष करिब तीन लाख किलोग्राम स्याउ बजारमा पठाउने लक्ष्य राखिएको छ।

सहकारीले आफ्नै कोल्डस्टोर निर्माण गरिसकेको छ। स्थानीय बजारमा तत्काल बिक्री नभएको स्याउ कोल्डस्टोरमा भण्डारण गरिनेछ भने अधिकांश उत्पादन सुर्खेत, नेपालगञ्ज, काठमाडौं लगायतका प्रमुख सहरमा पठाइने तयारी गरिएको छ।

सहायक प्रबन्धक विश्वराज खत्रीका अनुसार सहकारीले करिब डेढ सय किसानसँग सहकार्य गर्दै करिब छ करोड रुपैयाँ लगानी गरेको छ। किसानले उत्पादन गरेको स्याउको बिक्रीको जिम्मा सहकारीले लिनेछ।

ए, बी र सी गरी तीन ग्रेडमा स्याउ वर्गीकरण गरिनेछ भने सी ग्रेडभन्दा कम गुणस्तरका स्याउबाट जुस, जाम, जेली तथा सुकुटी (ड्राइ एप्पल) जस्ता प्रशोधित उत्पादन तयार गरी बजारमा बिक्री गरिने योजना छ।

सहकारीले किसानलाई बजारमा चलिरहेको मूल्यभन्दा प्रतिकिलो पाँच रुपैयाँ बढी मूल्य दिने जनाएको छ। गत वर्ष किसानले बगैंचामै प्रतिकिलो ६० देखि ७० रुपैयाँमा स्याउ बिक्री गरेका थिए। यस वर्ष सहकारीको पहलले किसानले अझ राम्रो मूल्य पाउने अपेक्षा गरिएको छ। यता जिल्ला सर्वपक्षीय बैठकले भदौको पहिलो सातापछि मात्र स्याउ संकलन तथा बिक्री-वितरण सुरु गर्ने निर्णय गरेको छ। कृषि प्राविधिकले स्याउ पूर्ण रूपमा परिपक्व भएको प्रमाणित गरेपछि मात्र टिप्न र निर्यातका लागि सिफारिस दिने व्यवस्था गरिएको छ।

कर्णाली प्रदेशमै सबैभन्दा बढी करिब चार हजार चार सय हेक्टर क्षेत्रफलमा स्याउ खेती हुने जुम्लामा यस व्यवस्थाले किसानको आम्दानी वृद्धि र जुम्लाली स्याउको गुणस्तर संरक्षणमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

मापसे-लापसे परीक्षण अभियानमा ट्राफिक प्रहरीको सक्रियता

❐ **काँक्रेविहार संवाददाता**
सल्यान, २१ साउन



जिल्लामा बढ्दो सडक दुर्घटना न्यूनीकरण गर्दै सुरक्षित र जिम्मेवार यातायात प्रणाली विकास गर्ने उद्देश्यले मादक पदार्थ सेवन (मापसे) तथा लागूऔषध सेवन (लापसे) परीक्षण अभियानलाई तीव्र बनाइएको छ।

जिल्ला प्रहरी कार्यालय सल्यान र जिल्ला ट्राफिक प्रहरी कार्यालयले संयुक्त रूपमा सञ्चालन गरेको अभियान अन्तर्गत बुधबार वनगाड कुपिण्डे नगरपालिका-स्थित सल्लीबजार-चौरजहारी सडकखण्डमा विशेष चेकजाँच गरिएको हो।

सडक सुरक्षालाई प्राथमिकतामा राखेर सञ्चालन गरिएको अभियानमा प्रमुख जिल्ला अधिकारी महेन्द्रकुमार सापकोटा, जिल्ला प्रहरी कार्यालय सल्यानका प्रमुख प्रहरी नायव उपरीक्षक (डीएसपी) दीपक पातली, ट्राफिक प्रहरीका प्रतिनिधि तथा अन्य सुरक्षा निकायका अधिकारीहरूको सहभागिता रहेको थियो।

अधिकारीहरूले सडकमा गुडिरहेका सवारी साधन रोकी चालकको मापसे तथा लागूऔषध सेवन परीक्षण गर्नुका साथै ट्राफिक नियमको पालना गर्न सचेत गराएका थिए। प्रहरीका अनुसार दुर्घटनाका प्रमुख कारणमध्ये लापरवाहीपूर्ण सवारी सञ्चालन, मादक पदार्थ सेवनपछि सवारी चलाउने प्रवृत्ति तथा लागू औषधको प्रभावमा सवारी चलाउने अवस्था पनि पर्ने भएकाले यस्ता जोखिम न्यूनीकरण गर्न नियमित अनुगमनलाई प्रभावकारी बनाइएको हो।

अभियानले चालकमा जिम्मेवारीबोध अभिवृद्धि गर्नुका साथै सडक अनुशासन कायम गर्न सहयोग पुग्ने विश्वास गरिएको छ।

चेकजाँचका क्रममा चालकलाई मादक पदार्थ वा लागूऔषध सेवन गरेर सवारी सञ्चालन गर्दा हुने कानुनी कारबाही, दुर्घटनाको जोखिम तथा त्यसबाट हुने मानवीय र आर्थिक क्षतिबारे जानकारी दिइएको थियो। साथै ट्राफिक संकेतको पालना, तोकिएको गति सीमा कायम गर्ने, सिटबेल्ट तथा हेल्मेट अनिवार्य प्रयोग गर्ने र सवारी चलाउँदा पूर्ण सावधानी अपनाउन प्रहरीले आग्रह गरेको छ।

जिल्ला प्रहरी कार्यालय सल्यानले सुरक्षित सडक संस्कृतिको विकासका लागि मापसे-लापसे परीक्षण अभियानलाई नियमित रूपमा सञ्चालन गरिने जनाएको छ। विशेषगरी दुर्घटनाको सम्भावना बढी हुने सडकखण्ड, बजार क्षेत्र तथा मुख्य राजमार्गमा यस्ता अनुगमनलाई निरन्तरता दिइने प्रहरीको भनाइ छ।

प्रहरीका अनुसार अभियानको उद्देश्य चालकलाई कारबाही गर्नु मात्र नभई दुर्घटना हुनुअघि नै जोखिम न्यूनीकरण गर्दै नागरिकको ज्यान र सम्पत्तिको सुरक्षा सुनिश्चित गर्नु हो।

जिल्लाभर सञ्चालन भइरहेको यस अभियानले ट्राफिक नियम पालनाको संस्कृति विकास गर्न तथा सडक दुर्घटना न्यूनीकरणमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ।

शे -फोक्सुण्डो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साल्दाङ, डोल्पा, कर्णाली प्रदेश, नेपाल

सार्वजनिक खरिद कार्यका लागि मौजुदा सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना !

(मितिः २०८३/०४/२२)

शे-फोक्सुण्डो गाउँ कार्यपालिकाको कार्यालयलाई आर्थिक वर्ष २०८३/८४ मा नियमित कार्य सञ्चालन तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने सामाग्री तथा सेवा खरिदको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा १८ (क) बमोजिम खरिद कार्य गर्न मौजुदा सूची तयार गर्नुपर्ने भएकोले मौजुदा सूचीमा दर्ता हुन वा अद्यावधिक हुन चाहने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था वा सेवा प्रदायकहरूले यस गाउँ कार्यपालिकाको कार्यालयमा सूचना प्रकाशन भएको मिति देखि २०८४ असार मसान्त भित्र समुह समेत खुलाई सूचीकृत हुने प्रयोजनका लागि आवश्यक कागजात सहित आवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **आवेदन साथ आवश्यक कागजातहरू:**
(क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र (नवीकरण सहित)
(ख) करचुक्ताको प्रमाणपत्र
(ग) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र

२. **सूचीकृत हुनुपर्ने समुहहरू:**
(क) स्टेशनरी तथा मसलन्द
(ख) छपाई सम्बन्धी कार्यहरू
(ग) फर्निचर तथा फिक्चर्स
(घ) सवारी साधन तथा उपकरण
(ङ) विज्ञापन तथा सूचना प्रकाशन सूचना प्रविधि
(च) औषधी आपूर्ति सम्बन्धी सेवा
(छ) होटेल व्यवसाय, पर्यटन
(ज) पत्रपत्रिका तथा पुस्तकहरू
(झ) इन्टरनेट तथा संचार सेवा
(ञ) न्यायीक निरुपण सम्बन्धि सेवा
(ट) नर्सरी निर्माण विरुवा आपूर्ति सेवा
(ठ) इन्धन आपूर्ति सेवा
(ड) सार्वजनिक निर्माण, तथा स्तरउन्नति सम्बन्धि कार्यहरू
(ढ) सवारी साधन मर्मत
(ण) अध्ययन, अनुसन्धान तथा परामर्श सम्बन्धी कार्य
(त) विद्युतीय सामानहरू

३. **यस सूचनामा नपरेका अन्य खरिदको हकमा सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानुन बमोजिम हुनेछ।**

प्रमुख प्रशासकीय अधिकृत

डिजिटल युगको विश्वसनीय आवाज
www .kankrebihar .com

एघार वटै स्थानीय तहबीच संयुक्त समन्वय संयन्त्र गठन

काँक्रेविहार संवाददाता
दैलेख, २१ साउन



जिल्लाका ११ वटै स्थानीय तहले विकास निर्माण, सेवा प्रवाह, विपद् व्यवस्थापन तथा साझा सरोकारका विषयमा देखिएका समस्या समाधान गर्न समन्वय र सहकार्यलाई संस्थागत गर्ने निर्णय गरेका छन् ।

संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी अन्तरसरकारी सम्बन्ध कायम गर्दै योजनाको कार्यान्वयनलाई थप व्यवस्थित बनाउन संयुक्त समन्वय संयन्त्र स्थापना गर्ने सहमति भएको हो ।

दुल्लु नगरपालिकाको आयोजनामा सम्पन्न जिल्ला, संघ, प्रदेश तथा स्थानीय तहको 'संयुक्त चक्रीय समन्वय बैठक'ले अन्तरसरकारी समन्वयलाई नियमित र प्रभावकारी बनाउने उद्देश्यसहित समझदारीपत्र (एमओयू) स्वीकृत गरेको छ । बैठकले सम्बन्धित स्थानीय तहको कार्यपालिकाबाट उक्त समझदारीपत्र अनुमोदन गरी कार्यान्वयनमा लैजाने निर्णय पनि गरेको छ ।

बैठकमा संघ तथा प्रदेश सरकारबाट सञ्चालन हुने योजना, कार्यक्रम र सेवा प्रवाहबारे सम्बन्धित निकायले स्थानीय तहलाई नियमित जानकारी गराउने व्यवस्था गर्ने सहमति भएको छ । यसबाट विकास आयोजनाको दोहोरोपन हट्ने, स्रोत-साधनको प्रभावकारी उपयोग हुने तथा योजनाको कार्यान्वयनमा देखिने ढिलाइ न्यूनीकरण हुने विश्वास सहभागीहरूले व्यक्त गरेका छन् ।

बैठकले जिल्ला सदरमुकाममा सञ्चालनमा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्रमार्फत सुरक्षा, कानुनी सहायता, स्वास्थ्य उपचार तथा पुनःस्थापना सेवालाई थप प्रभावकारी बनाउने निर्णय पनि गरेको छ । साथै विपद् व्यवस्थापन, नदीजन्य पदार्थको व्यवस्थापन, अन्तरपालिका समन्वय तथा स्थानीय तहका असल अभ्यास आदान-प्रदानका विषयमा विस्तृत छलफल गरिएको थियो ।

सहभागीहरूले एउटै योजनामा संघ, प्रदेश र स्थानीय तहबाट लगानी हुने अवस्था रहे पनि पर्याप्त समन्वयको अभावका कारण काममा ढिलाइ, बजेटको दोहोरो प्रयोग तथा स्रोत-साधनको प्रभावकारी उपयोग हुन नसकेको उल्लेख गर्दै यस्ता समस्या समाधानका लागि नियमित संयुक्त समन्वय बैठक आवश्यक रहेको निष्कर्ष निकाले ।

नारायण नगरपालिकाका प्रमुख लोमन शर्माले आगामी बैठकहरूमा प्रत्येक स्थानीय तहले आफ्नो नीति तथा कार्यक्रम, विकासका प्राथमिकता, कार्यान्वयनका चुनौती र समाधानका प्रस्तावसहित सहभागी हुनुपर्ने बताए । उनले साझा सरोकारका विषयमा केन्द्रित भएर निर्णय गर्न सके समन्वय बैठकको प्रभावकारिता अझ बढ्ने धारणा राखे ।

प्रमुख जिल्ला अधिकारी आनन्द सारुले नदीजन्य पदार्थको अवैध उत्खनन तथा दोहन रोक्न स्थानीय तहलाई पटक-पटक परिपत्र गरिएको भए पनि अपेक्षित रूपमा कार्यान्वयन हुन नसकेको बताए । उनले स्थानीय तह, सुरक्षा निकाय र सम्बन्धित निकायबीच प्रभावकारी समन्वय भएमा यस्ता समस्या नियन्त्रण गर्न सहज हुने उल्लेख गरे । जिल्लामा पहिलो पटक आयोजित यस प्रकारको संयुक्त समन्वय बैठकले अन्तरसरकारी सम्बन्धलाई थप सुदृढ बनाउने र विकास तथा सेवा प्रवाहलाई परिणाममुखी बनाउने अपेक्षा गरिएको छ ।

राउटे समुदायकी ज्येष्ठ महिलाको निधन

काँक्रेविहार संवाददाता
सुर्खेत, २१ साउन



लोपोन्मुख राउटे समुदायकी ज्येष्ठ सदस्य फलाटो शाहीको निधन भएको छ । राउटे समुदायका मुखियामध्येका एक प्रकाश शाहीकी ६५ वर्षीया आमा फलाटो शाहीको बिहीबार बिहान निधन भएको हो ।

राउटे परियोजनाका जोडी शिक्षक लालबहादुर खत्रीका अनुसार शाही लामो समयदेखि दीर्घरोगबाट पीडित थिइन् । स्वास्थ्य अवस्था कमजोर बन्दै गएपछि बिहीबार बिहान उनको मृत्यु भएको उनले जानकारी दिए ।

फलाटो शाहीको निधनसँगै राउटे समुदायको कुल जनसंख्या घटेर एक सय ३२ पुगेको छ । पछिल्ला वर्षहरूमा समुदायमा मृत्यु दर बढ्दै जाँदा जनसंख्या निरन्तर घट्दै गएको तथ्यांकले देखाएको छ ।

नेपालको लोपोन्मुख आदिवासी समुदायका रूपमा परिचित राउटेहरू परम्परागत रूपमा घुमन्ते जीवनशैली अपनाउँदै जंगलमै बसोबास गर्ने समुदाय हुन् । उनीहरू जाजरकोट, दैलेख, सल्यान, सुर्खेत, अछाम र डाङ आसपासका वन क्षेत्रमा बसाइँ सर्दै जीवनयापन गर्दै आएका छन् । हाल राउटे समुदाय पूर्वी सुर्खेतको सिम्ता गाउँपालिका नौ स्थित खानीखोलामा अस्थायी रूपमा बसोबास गरिरहेको छ ।

राउटे समुदायको जनसंख्या घट्नुको प्रमुख कारणमध्ये अस्वस्थ जीवनशैली, गुणस्तरहीन मदिराको अत्यधिक सेवन, स्वास्थ्य सेवामा सीमित पहुँच तथा दीर्घरोगको समस्या रहेको सरोकारवालाहरू बताउँछन् ।

समुदायको संरक्षण, स्वास्थ्य सुधार र दिगो जीवनयापनका लागि सरकारी तथा गैरसरकारी निकायले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका भए पनि अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन ।

राउटे समुदायको घट्दो जनसंख्याले यस लोपोन्मुख जातिको संरक्षण र जीवनस्तर सुधारका लागि थप प्रभावकारी पहल आवश्यक रहेको सरोकारवालाले औंल्याएका छन् ।

सहकारी अनुदान दुरुपयोगमा नगरप्रमुखसहित ११ जनाविरुद्ध भ्रष्टाचार मुद्दा





काँक्रेविहार संवाददाता
काठमाडौं २१ साउन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रुकुम पश्चिमको आठबीसकोट दुग्ध सहकारी संस्थालाई उपलब्ध गराइएको सरकारी अनुदान दुरुपयोग भएको आरोपमा आठबीसकोट नगरपालिकाका नगरप्रमुख, कर्मचारी तथा सहकारीका पदाधिकारी सहित ११ जनाविरुद्ध विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार आर्थिक वर्ष २०७६/०७७ मा दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७६ विपरीत अयोग्य सहकारी संस्थालाई चिस्यान केन्द्र निर्माणका लागि ९१ लाख १७ हजार ८ सय ७३ रुपैयाँ तथा नगरपालिकाबाट थप ८० लाख २३ हजार ५१ रुपैयाँ बराबरको मिल्क ट्याङ्कर र दुई वटा सिङ्गल क्याब गाडी उपलब्ध गराई सरकारी अनुदानको दुरुपयोग भएको आरोपमा आरोपपत्र दायर गरिएको हो ।

आयोगले आठबीसकोट नगरपालिकाका नगरप्रमुख रवी केसी र प्रमुख प्रशासकीय अधिकृत मणिराज शाह विरुद्ध जनही ८० लाख २३ हजार ५१ रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम भ्रष्टाचारको कसुरमा अभियोजन गरेको छ । त्यस्तै, पशु अस्पताल तथा पशु सेवा कार्यालय रुकुम पश्चिमका तत्कालीन पशु विकास अधिकृत तथा निमित्त कार्यालय प्रमुख सुवर्ण सिंह ठकुरी, पशु स्वास्थ्य अधिकृत तथा तत्कालीन निमित्त कार्यालय प्रमुख ज्ञानु कुमार शर्मा, पशु सेवा अधिकृत शेरबहादुर खड्का, लेखा अधिकृत यमबहादुर पुन तथा कृषि विकास कार्यालयका कृषि अधिकृत मिनबहादुर के.सी. विरुद्ध जनही ९१ लाख १७ हजार ८७३ रुपैयाँ बिगो कायम गरिएको छ। उनीहरूमाथि भ्रष्टाचार निवारण ऐनको दफा १७ अन्तर्गतका कसुरका साथै झुट्टा प्रतिवेदन तथा विवरण दिएको आरोपमा दफा १९(२) अनुसार समेत अभियोजन गरिएको आयोगले जनाएको छ ।

यस्तै, आठबीसकोट दुग्ध सहकारी संस्थाका अध्यक्ष जनक बटाला, उपाध्यक्ष वीरबहादुर रोकाय, सचिव गोविन्दप्रकाश खड्का र कोषाध्यक्ष जुनकुमारी चनेल विरुद्ध जनही चिस्यान केन्द्र निर्माणतर्फ ९१ लाख १७ हजार ८७३ रुपैयाँ र गाडी खरिदतर्फ ८० लाख २३ हजार ५१ रुपैयाँ गैरकानुनी लाभ लिएको आरोपमा मतियार (सहयोगी) को हैसियतमा भ्रष्टाचार निवारण ऐनको दफा २२ बमोजिम मुख्य कसुरदारसरह सजायको माग गरिएको छ।

आयोगले प्रतिवादीहरूबाट बिगो असुल, बिगोबमोजिम जरिवाना, कैद तथा सम्बन्धित कानुनी व्यवस्थाअनुसार थप सजायको माग गर्दै विशेष अदालतमा आरोपपत्र दायर गरेको जनाएको छ । आरोपको अन्तिम निरूपण भने विशेष अदालतको फैसलाबाट हुने छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/२२

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री सीताकुमारी राणा/महेन्द्र के.सी**. धनी रहेको, **दर्ता नम्बर** २४७८/०७२/०७३ बाट **वीरेन्द्रनगर-१६ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **गंगामाला अटो मोवाइल्स एण्ड वर्कशप** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/२२

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री सुशीला रावत** धनी रहेको, **दर्ता नम्बर** ७७७२/०७७/०७८ बाट **वीरेन्द्रनगर-५ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **दिक्षिका टेलर्स** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।



उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/२२

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री माया कठायत** धनी रहेको, **दर्ता नम्बर** १०४४३/०८०/०८१ बाट **वीरेन्द्रनगर-९ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **माया कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/२२

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री रंगीता बटाला** धनी रहेको, **दर्ता नम्बर** ६७९२/०७७/०७८ बाट **वीरेन्द्रनगर-२ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **मालिका कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)